FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref: N-12/013-015

# प्रेस विज्ञप्ती

## एनआरएनए अध्यक्षद्वारा अनिश खालिङ राई बचाउ समितिलाई रकम हस्तान्तरण

बैशाख २४(मे ७, २०१४) काठमाण्डौ । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष शेष घलले गैरआवासीय नेपालीहरुको सहयोगमा अनिश खालिङ राई बचाउ अभियानको लागि गैरआवासीय नेपाली संघको सचिवलायको खातामा जम्मा भएको अन्तिम सहयोग रकम १६,९३,४८४ (अक्षेरुपी सोह्र लाख त्रियान्नब्बे हजार चार सय चौरासी रु. मात्र) आज एक कार्यक्रम वीच अनिश खालिङ राई बचाउन समितिका सहसंयोजक सुजनकुमार खालिङ्गलाई हस्तान्तरण गर्नुभयो ।



कोषमा वाम्वेले राई समाज यूके, राष्ट्रिय समन्वय परिषद्हरु क्याम्वोडिया, अष्ट्रेलिया, लेवनान, स्वेडेन, ओमान, कतार, वाहराइन, वेल्जियम, क्यानडा र स्विजरल्याण्ड गरी कुल १७ लाख ३५ हजार ६ सय ३७ रुपैयाँ जम्मा गरेका थिए । यस मध्ये वाम्वेले राई समाजले जम्मा गरेको रकम पहिले नै समितिलाई हस्तान्तरण गरिएको थियो ।

संघका अध्यक्षले रकम संकलन कार्य उत्साहजनक रुपवाट सम्पन्न भए पनि अनिशलाई जेल मुक्त गर्न अझ धेरै कूटनीतिक र कानूनी प्रयास गर्न पर्ने वताउनु भयो । अनिश खालिङ्ग वचाउ अभियानमा नेपाल सरकारको भूमिका अहम हुने

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np

भएकोले समितिका सदस्यहरुलाई त्यता केन्द्रीत हुन आग्रह गर्दछु' अध्यक्ष घलेले भन्नुभयो-संसारभरका गैरआवासीय नेपालीहरुले संकलन गरि पठाएको रकम पारदर्शी तरिकाले सदुपयोग गर्नुहोला, हाम्रो सदैव साथ रहने छ ।'

यस अवसरमा अनिश खालिङ राई बचाउन समितिका सहसंयोजक सुजनकुमार खालिङ्गले संघले यस अभियान प्रति पूराएको योगदानको प्रसंसा गर्दै सहयोग गर्ने सम्पूर्ण गैरआवासीय नेपालीहरुलाई समितिको तथा अनिशको परिवारको तर्फवाट हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो । यस अभियानले सोचेभन्दा बढी रकम संकलन गर्न सफल भएको र उहांले हालसम्म करिव दुई करोड भन्दा बढी रकम संकलन भईसकेको जानकारी दिनुभयो । अभियानवाट बच्न गएको रकम यसै प्रकारका प्रकोपमा परेकाहरुको लागि प्रयोग गर्ने समितिको आशय रहेको समेत वताउनु भयो । उहाँले नेपाल वैदिशिक रोजगार प्रवद्धन वोर्डले पचास हजार उनुदान दिई यस अभियानको नाममा खाता खोलिदिएको र यस अभियानवाट संकलित रकम सोहि खातामा जम्मा गरी वोर्डको सहयोग मार्फत् रकम रकामान्तरण गर्ने योजना रहेको समेत वताउनु भयो । अबका दिनमा संघको सहयोग अत्यन्तै महत्वपूर्ण भएको र अनिश नेपाल नर्फकुन्जेल यस अभियानमा संलग्न रहन संघलाई हार्दिक अनुरोध समेत गर्नु भयो ।

हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष लगायत एनसिसि डेनमार्कका अध्यक्ष दिपक सापकोटा, अनिश खालिङ राई बचाउ समितिका पदाधिकारीहरु, संचारकर्मीहरु तथा सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

गैरआवासीय नेपाली संघ सचिवालय,
काठमाण्डौं ।
मितिः ७ मई २०१४ ।